सशस्त्र प्रहरी बल नेपाल
www.apf.gov.np
SAMARPAN
समर्पण
ए.पी.एफ. मासिक
बर्ष ३ अङ्क १२ पूर्णाङ्क ३६ पृष्ठ ८ असोज २०८२

# 'राज्य र नागरिकको सेवा र सुरक्षामा समर्पित सशस्त्र प्रहरी बल नेपाल'-माननीय गृहमन्त्री ओमप्रकाश अर्याल



माननीय गृहमन्त्री ओमप्रकाश अर्यालले सशस्त्र प्रहरी बल नेपालले आफ्नो स्थापनाकालदेखि नै मुलुकमा देखा परेका विभिन्न अप्ठ्यारा परिस्थितिहरूमा आइपरेका चुनौतीहरूलाई परास्त गरी राज्य र नागरिकको सेवा र सुरक्षामा समर्पित सुरक्षा निकायको रूपमा रहेको बताउनु भएको छ ।

असोज ५ गते प्रधान कार्यालयको निरीक्षण भ्रमणको क्रममा उहाँले सशस्त्र प्रहरी बल नेपालले आगामी निर्वाचनमा पूर्ण तयारी र योजनाका साथ परिचालित भई सफलतापूर्वक कार्य सम्पन्न गर्नुपर्ने समेत बताउनुभयो । माननीय गृहमन्त्री अर्यालले सोही अवसरमा भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा दिवंगत शहीदहरुप्रति उच्च सम्मान व्यक्त गर्नुहुँदै घाइते नागरिक तथा सशस्त्र प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्नुभयो ।

उहाँले नेपाली जनताको जीवन रक्षा गर्नुभन्दा ठूलो कर्तव्य अरू केही हुन सक्दैन भन्ने कुरा सशस्त्र प्रहरी बल नेपाल तथा अन्य सुरक्षा निकायले समेत राम्रोसँग बुझेका छन् भन्ने कुरामा विश्वास व्यक्त गर्नुहुँदै आगामी दिनमा समेत कार्यक्षेत्रमा थप हौसलाका साथ परिचालित हुनुपर्नेमा जोड दिनुभयो ।

सशस्त्र प्रहरी बल नेपालले प्राथमिकीकरण गरेका कार्यादेश अन्तर्गत Border Security, Internal Security, Revenue Support and Disaster Management (BIRD) मा केन्द्रित भई सीमा स्तम्भ मर्मत तथा सम्भार, सीमापार अपराध नियन्त्रण, अवैध चोरी पैठारी, मानव बेचबिखन, हातहतियार तथा लागूऔषधको ओसारपसार नियन्त्रणमा डेडिकेटेड सुरक्षा फौजको रूपमा परिचालन हुँदै राजश्व चुहावट नियन्त्रणमा समेत अहम् भूमिका निर्वाह गरेको र राजश्व चुहावट नियन्त्रण तथा संकलनको लागि सम्बन्धित निकायसँग समन्वयात्मक रूपमा साझा योजनासहित इमान्दार र प्रतिबद्ध भई कार्य गर्नुपर्नेसमेत उहाँले बताउनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले राज्य र नागरिकको सेवा र सुरक्षामा समर्पित सशस्त्र प्रहरी बल नेपालले जनअपेक्षा अनुरूप सुरक्षा प्रदान गर्दै आइरहेको बताउनुहुँदै संगठनले आर्जन गरेको प्रतिष्ठा र जनविश्वासलाई अक्षुण्ण राख्न अनुशासित, कर्तव्यपरायण र सेवाप्रति निष्ठावान् रही राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा परिचालित हुँदै आइरहेको बताउनुभयो । उहाँले राजश्व चुहावट नियन्त्रण र वैध व्यापार प्रवर्द्धनमार्फत् राज्यको अर्थतन्त्रमा योगदान पुऱ्याउन सशस्त्र प्रहरी बल नेपालले प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेको उल्लेख गनुहुँदै सीमा क्षेत्रमा आवश्यक जनशक्ति र बीओपीको संख्या वृद्धि गर्नसके उल्लेखित उपलब्धिमा थप उल्लेखनीय परिणाम प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

महानिरीक्षक अर्यालले संगठनले सुशासन र नैतिक शासनलाई प्राथमिकतामा राखी नागरिकलाई सुरक्षित अनुभव गराउने कार्यशैली अपनाउँदै परिचालित हुँदै आइरहेको र आगामी घोषित आम निर्वाचनलाई शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गराउन सशस्त्र प्रहरी बल नेपालले आन्तरिक शान्ति सुरक्षा कायम गर्ने भूमिका निर्वाह गर्न पूर्ण प्रतिबद्ध रहेकोसमेत बताउनुभयो । उहाँले सशस्त्र प्रहरी बल नेपालले विभिन्न आन्दोलनहरूको शान्तिपूर्ण व्यवस्थापनका लागि हुल तथा दंगा नियन्त्रणमा सक्षम विशेष इकाईको स्थापना तथा विकास, बख्तरबन्द सवारी साधन, वाटर क्यानन, दंगा नियन्त्रण उपकरण, नियन्त्रित सामाग्री तथा Non Lethal/Less Lethal हतियारहरुको प्राप्तिका लागि नीतिगत र बजेट व्यवस्थापनमा मन्त्रालयको आवश्यक सहयोग रहनेसमेत विश्वास व्यक्त गर्नुभयो ।

निरीक्षणका क्रममा माननीय गृहमन्त्री ओमप्रकाश अर्यालले सशस्त्र प्रहरी बल नेपालले प्रयोगमा ल्याएको विविध सामाग्रीको अवलोकन गर्नुभएको थियो भने सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदीले सशस्त्र प्रहरी बल नेपालको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रम देशभरका इकाईहरूमा 'लाइभ भिडियो स्ट्रीमिङ', इन्ट्रानेट तथा सशस्त्र प्रहरी सञ्चारद्वारा प्रत्यक्ष प्रसारण गरी हेर्ने र सुन्ने व्यवस्था मिलाइएको थियो ।

कार्यक्रममा गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू, गृह मन्त्रालयका पदाधिकारीलगायत सशस्त्र प्रहरी बल नेपालका अधिकृत तथा बिल्लादार जवानहरूको उपस्थिति रहेको थियो ।



# गृहसचिव रामेश्वर दंगालद्वारा प्रधान कार्यालयको निरीक्षण भ्रमण



गृहसचिव रामेश्वर दंगालले असोज २४ गते प्रधान कार्यालयको निरीक्षण भ्रमण गर्नुभएको छ । उहाँले जेन-जी आन्दोलनको क्रममा दिवंगत शहीदहरुप्रति उच्च सम्मान व्यक्त गर्नुहुँदै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत व्यक्त गर्नुभयो । गृहसचिव दंगालले कार्यक्षेत्रमा परिचालित हुँदा जनताप्रति प्रत्यक्षरुपमा उत्तरदायी भएर लाग्नुपर्ने बताउनुहुँदै हामीले गर्ने दैनिक क्रियाकलापमा आफ्नो सोच, विचार, व्यवहार र कार्यशैली समयानुकूल परिवर्तन गर्न सकियो भने जस्तोसुकै कार्यमा समेत सफलता मिल्ने बताउनुभयो ।

उहाँले सिमित स्रोतसाधनको बाबजुद पनि उपलब्ध जनशक्ति तथा साधनश्रोतको अधिकतम उपयोग गरी विभिन्न आन्दोलन, आपत् विपद्मा परेकाहरूको उद्धार, बाढीपहिरो तथा विपद् व्यवस्थापनमा सशस्त्र प्रहरी बलको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुहुँदै विपद् व्यवस्थापनमा समयमै परिचालित हुन सकिएमा मात्र आम नागरिकहरूको धनजनको क्षति हुनबाट जोगाउन सकिने बताउनुभयो ।

गृहसचिव दंगालले सशस्त्र प्रहरी बल, नेपालले लिएको BIRD को अवधारणा महत्वपूर्ण रहेको उल्लेख गर्नुहुँदै यस कार्यले विपद् व्यवस्थापन, आन्तरिक सुरक्षा, सीमा सुरक्षा र राजश्व चुहावट नियन्त्रण कार्यसमेत थप व्यवस्थित हुने साथै आगामी फागुन २१ गते हुन गइरहेको आम निर्वाचनको लागि निर्वाचनपूर्व सुरक्षा योजना बनाई कामकारबाही गर्नसमेत बताउनुभयो । उहाँले सशस्त्र प्रहरी बल नेपालको लागि थप जनशक्ति तथा भीड नियन्त्रणलगायतका साधनश्रोतबाट सम्पन्न गरी थप मजबुत बनाउँदै सीमा सुरक्षा तथा राजश्व चुहावट नियन्त्रणलाई समेत क्रमिक रूपमा व्यवस्थित गर्दै लैजाने कार्यमा मन्त्रालय सदैव सकारात्मक रूपमा लागिरहने बताउनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले राज्य र नागरिकको सेवा र सुरक्षामा समर्पित सशस्त्र प्रहरी बल नेपाल जनअपेक्षा अनुरूप सुरक्षा प्रदान गर्दै आइरहेको र जनविश्वासलाई अक्षुण्ण राख्न अनुशासित, कर्तव्यपरायण र सेवाप्रति निष्ठावान् रही परिचालित हुँदै आइरहेको बताउनुभयो । उहाँले सधैँ शान्तिको परिस्थिति रहन्छ भन्ने कल्पना सुरक्षा निकायले गर्न सक्दैन, सुरक्षा निकायको आवश्यकता र औचित्य असामान्य, चुनौतीपूर्ण तथा अप्रिय परिस्थितिमा प्रदर्शन गर्ने कार्यकुशलता, निडरता र सुझबुझबाट प्रमाणित हुने उल्लेख गर्नुहुँदै आगामी फागुन २१ गते हुन गइरहेको आम निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गराउन सशस्त्र प्रहरी बल, नेपालले पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा मन्त्रालयका सह-सचिवहरु जयनारायण आचार्य, आनन्द काफ्ले, भरतमणि रिजाल, सुरेश पन्थीको समेत उपस्थिति रहेको थियो ।

## सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्ने,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्ने,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्ने,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्ने,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्ने वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्ने,
७. नेपालको सीमा सुरक्षा गर्ने,
८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्ने,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्ने,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्ने,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्ने,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

स्रोत सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (१) ।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६९ असोज ११ गतेको निर्णयानुसार राजश्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्ने ।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्ने ।



## विपद् सामाग्री निरीक्षण




माननीय गृहमन्त्री ओमप्रकाश अर्यालले असोज १७ गते नं. २० विपद् उद्धार गण काठमाडौंमा विपद् उद्धारका सामाग्रीहरूको निरीक्षण गर्नुभएको छ ।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेल, नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक सुरेशकुमार श्रेष्ठ, बाहिनी मातहत गणका गणपति तथा गुल्मका गुल्मपतिहरुको उपस्थिति रहेको थियो । नं. २० गण विपद् उद्धार काठमाडौंका गणपति सशस्त्र प्रहरी उपरीक्षक जीवन के.सी.ले विपद् व्यवस्थापनमा सशस्त्र प्रहरी बल नेपालको भूमिका, मनसुनजन्य विपद् प्रतिकार्य तयारी तथा विपद् उद्धारमा गरेका कार्यहरूसम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

## सशस्त्र प्रहरी नायव महानिरीक्षक धौवजीको बिदाइ



सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता तथा सूचना अधिकारी सशस्त्र प्रहरी नायव महानिरीक्षक कालिदास धौवजीको बिदाइ गरिएको छ । प्रधान कार्यालयको निरीक्षण भ्रमणमा आउनु भएका गृहसचिव रामेश्वर दंगाल र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले असोज २४ गते उहाँको विदाई गर्नुभएको हो । ३० बर्षे सेवा अवधिका कारण उहाँ असोज २५ गतेदेखि अनिवार्य अवकाश हुनुभएको हो ।

## चुलु फार ईस्ट हिमालमा सशस्त्र प्रहरी बल नेपालको झण्डा



सशस्त्र प्रहरी नायव उपरीक्षक सुरज पौडेलसहित ७ जना सशस्त्र प्रहरी कर्मचारीहरूले दामोदर हिमश्रृंखलाअन्तर्गत पर्ने चुलु फार इस्ट हिमालको सफल आरोहण गरेका छन् । असोज २५ गते बिहान ७ बजेको समयमा ६ हजार ३८ मिटर अग्लो हिमालको शिखरमा सशस्त्र प्रहरी बल, नेपालको झन्डा फहराइएको हो ।

पर्वतीय उद्धारको क्षेत्रमा सशस्त्र प्रहरी बल, नेपालको क्षमता अभिवृद्धि हुन्छ भन्ने विश्वासका साथ गरिएको आरोहणले पर्यटन प्रवर्धनमा कोशेढुंगासमेत साबित हुने तथा पर्वतीय उद्धार तालिम शिक्षालय मनाङमा सञ्चालन भइरहेको पर्वतीय उद्धार तालिमको लागि आवश्यक पर्ने प्रशिक्षकहरूको उत्पादनमा समेत ठूलो भूमिका निर्वाह गर्ने विश्वास लिइएको छ ।

केही समय अगाडि सशस्त्र प्रहरी बल, नेपालले चुलु फार इस्ट हिमाल आरोहण गर्न अनुमति खुल्ला गर्ने प्रक्रियामा पहल गरेको थियो । त्यसको फलस्वरूप सशस्त्र प्रहरी बल, नेपाललाई आरोहण गर्ने अवसर मिलेको हो । यसभन्दा अघि चुलु इस्ट हिमालको अनुमति लिएर चुलु फार इस्ट हिमालको आरोहण गर्ने प्रचलन थियो । सशस्त्र प्रहरी बल, नेपालको यस आरोहणपश्चात् चुलु फार इस्ट हिमाल आरोहण गर्ने कानुनी हिसाबमा वैधानिकतासमेत प्राप्त गरेको छ ।

सशस्त्र प्रहरी नायव उपरीक्षक सुरज पौडेलसहित ७ जनाले निम तेम्बा शेर्पा र सुम्बा छिरी शेर्पाको गाइडलाइन्समा फोर्टिन, पिक्स एक्सपीडिसन मार्फत उक्त हिमाल आरोहण गरेका थिए । यसैगरी पर्वतीय उद्धार तालिम शिक्षालय मनाङबाट सशस्त्र प्रहरी नायव उपरीक्षक जोगेन्द्र के.सी.को कमाण्डमा गएको २१ जनाको टोलीले असोज २९ गते विहान ०७:३५ बजेको समयमा चुलु हिमालको सफलतापूर्वक आरोहण गरेको छ ।



**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहालबाट PGDSDMS तालिमको उद्घाटन ।**

## निशान तथा मौलो पूजा सम्पन्न



बडादशैंको अवसरमा असोज १५ गते महानवमीको दिन सशस्त्र प्रहरी बल, नेपालको निशान तथा मौलो पूजा सम्पन्न भएको छ ।

बिहान ७ बजेर ३१ मिनेटको पूजाको संकल्प साइतमा सुरु भएको निशान तथा मौलो पूजामा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बल, नेपालको निशानमा पञ्जाछाप लगाउनुभयो । नं. १९ बगलामुखी विशेष कार्यदल गण हल्चोक स्वयम्भूमा भएको निशान तथा मौलो पूजा कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपालको सलामी टोलीले निशान भगवती सलामी अर्पण गर्नुकासाथै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू, सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृत, अधिकृत तथा बिल्लादार जवानहरूबाट पूजाअर्चना तथा मौलो परिक्रमा गरिएको थियो ।

सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले मौलोपूजा व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरूलाई पगरी तथा नगदसमेत पुरस्कार प्रदान गर्नुभएको थियो । सशस्त्र प्रहरी बल, नेपालले बडादशैंको अवसरमा हरेक वर्ष निशान तथा कोतपूजा गर्दै आएको छ ।

## चाडपर्व सुरक्षा र निर्वाचनको पूर्वतयारीमा जुट्न सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको निर्देशन



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले चाडपर्व सुरक्षा र निर्वाचनको पूर्वतयारीमा जुट्न निर्देशन दिनुभएको छ । नेपालीहरूको महान् चाड बडादशैं, शुभदीपावली, नेपाल सम्वत् ११४६ तथा छठ पर्वको उपलक्ष्यमा असोज १० गते प्रधान कार्यालयबाट मातहत सबै इकाईलाई उहाँले सो निर्देशन दिनुभएको हो ।

उहाँले सशस्त्र प्रहरी बल, नेपालको गौरवमय परम्परालाई जीवन्त राख्दै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, तराईको उष्णतादेखि हिमालको कठोर चिसोसम्म र अन्तर्राष्ट्रिय शान्ति मिसनहरूमा अहोरात्र देश र जनताको शान्ति, सुरक्षा र उद्धारमा समर्पित सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यको हार्दिक शुभकामना व्यक्त गर्नुहुँदै यी महान् चाडहरूले आपसी सद्भाव र भाइचाराको विकासमा योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले हालैको जेन-जी आन्दोलनमा ज्यान गुमाउनु हुने सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुहुँदै परिवारजनहरूमा धैर्यधारण गर्ने शक्ति प्रदान होस् र घाइते बिरामीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुहुँदै आगामी फागुन २१ गते तोकिएको आम निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष बनाउन प्रारम्भिक पूर्वतयारी सुरु गर्न मातहत इकाईहरूलाई निर्देशन दिनुभयो ।

उहाँले नजिकिँदै गरेका चाडपर्वहरूमा जनताहरूले निर्धक्कसाथ मनाउनका लागि सुरक्षा व्यवस्थाको सुनिश्चित गर्न चाडपर्व लक्षित सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन तथा सीमा नाकाहरूबाट चाडपर्व मनाउन स्वदेश फर्किने नागरिकको सम्मानजनक तथा सुरक्षित आवागमनको लागि आवश्यक स्थानहरूमा सहायता-डेस्कहरूको स्थापना गरी समकक्षी सुरक्षा निकाय तथा सरोकारवालाहरुसँगको समन्वयमा प्रभावकारी परिचालन र नियमित अनुगमन गर्ने व्यवस्था मिलाउन निर्देशन दिनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले चाडपर्वको समयमा सडक दुर्घटना, बाढी, पहिरो, आगलागीजस्ता विपद्हरूको जोखिमलाई ध्यानमा राखी उद्धार टोलीलाई पूर्ण तयारी हालतमा राख्न निर्देशन दिनुहुँदै विपद् व्यवस्थापनमा प्रभावकारिता बढाउन प्रारम्भिक चेतावनी प्रणालीको विकास र उपयोग, स्थानीय प्रशासन र समकक्षी निकायहरूसँग समन्वय गरी विपद् प्रतिकार्य योजना अद्यावधिक गर्नसमेत निर्देशन दिनुभयो ।

भन्सार नाकाहरूबाट हुन सक्ने राजस्व चुहावट नियन्त्रण गर्न सके राष्ट्रिय अर्थतन्त्रमा थप योगदान गर्न सकिने भएकाले चाडपर्वको मौका छोपेर सीमा क्षेत्रबाट चोरी तस्करी बढ्न सक्ने हुनाले राजश्व चुहावट नियन्त्रणको लागि थप सक्रियता बढाउन समेत उहाँले निर्देशन दिनुभयो ।

अप्ठ्यारो परिस्थितिमा उत्कृष्ट कार्य गर्न जरुरी रहेको स्मरण गर्नुहुँदै उहाँले उच्च मनोबल र कार्यकुशलताका साथ कार्यक्षेत्रमा आउन सक्ने चुनौतीको सामना गर्न एकजुट भई योजना बनाउन समेत मातहत कमाण्डरहरूलाई निर्देशन दिनुभयो ।



**नं.७ बैद्यनाथ वाहिनी मुख्यालय कैलालीको परिसरमा निर्माण भएको पाहुना घरको असोज १६ गते वाहिनी मुख्यालयका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक प्रदीपकुमार पालले उद्घाटन गर्नुभएको छ ।**

'राष्ट्रसेवा हाम्रो धर्म हो, यो एउटा अनुपम, अद्वितिय र गौरवपूर्ण पेशा पनि हो, तसर्थ व्यावसायिकता, इमान्दारिता र वफादारितालाई आफ्नो कार्यशैलीको मूल मन्त्र बनाउन जरुरी छ'-सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल

## सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट बडादशैं २०८२को अवसरमा टीका तथा जमरा प्रदान

बडादशैं २०८२ को अवसरमा संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्यालले असोज १८ गते सशस्त्र प्रहरी कर्मचारीहरुलाई टीका तथा जमरा प्रदान गर्नुभएको छ । सशस्त्र प्रहरी बल नेपालका बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र महिला संघका उपाध्यक्षहरुले समेत सोही अवसरमा टीका तथा जमरा प्रदान गर्नुभएको थियो ।












सशस्त्र प्रहरी नायव महानिरीक्षक लक्ष्मणबहादुर सिंहको प्रमुख आथित्यमा युएन तालिम शिक्षालय ककनीमा सञ्चालित सि.सं. २३८ सप्रज आधारभूत तालिम सम्पन्न ।



सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दहालबाट कष्टम एण्ड बोर्डर सेक्युरिटी तालिम समापन

# उद्धार/विविध

## असोज महिनाको विपद् अघि सचेतना, विपद्पछि उद्धार, राहत र व्यवस्थापनमा सशस्त्र प्रहरी बल नेपालको सकृयता



कोशी प्रदेशको विभिन्न स्थानमा उद्धार कार्यमा परिचालित फौज ।

**शैलेन्द्र थापा**

असोज १७ गतेदेखि सुरु भएको अविरल वर्षाका कारण उत्पन्न भएको मनसुनजन्य घटनामा सशस्त्र प्रहरी बल नेपालका मनसुन प्रतिकार्य टोली देशका विभिन्न स्थानमा परिचालन भई विपद् न्यूनीकरण, विपद्मा परेकाहरूको उद्धार, राहत तथा व्यवस्थापन कार्य गरेको छ ।

मौसम पूर्वानुमान पश्चात अविरल वर्षाका कारण हुनसक्ने क्षति न्यूनीकरणका लागि सशस्त्र प्रहरी बल नेपालले देशभरका ६७ वटा जिल्लामा जनचेतनामूलक सन्देशसहितको माइकिङ गरी सचेत गराएको थियो । वर्षाको कारण जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी विपद् उद्धार सामाग्रीसहित काठमाडौं उपत्यकालगायत देशभरका इकाईहरू तथा ४१ वटा स्थानमा रहेको मनसुन प्रतिकार्य अस्थायी बेसहरूमा समेत जनशक्ति परिचालन भई आपद् विपद्मा परेका आम नागरिकहरूको उद्धार कार्यमा खटिएको थियो ।

विपद्मा परेका नागरिकहरूको तत्काल उद्धारका लागि सशस्त्र प्रहरी बल नेपालको गोताखोर, मोटर बोट, ऱ्याफ्ट बोट, मास क्याजुल्टी भेहिकल, एम्बुलेन्स, डिजास्टर रिलिफ सिस्टम कन्टेनरसहित सुरक्षा फौज तयारी हालतमा राखिएको थियो ।

विपद् व्यवस्थापनमा स्थानीय समुदायको समेत महत्वपूर्ण भूमिका रहने भएकाले आपद् विपद्मा परेका नागरिकहरूको उद्धार तथा सहयोगमा सुरक्षाकर्मीसहित कसरी परिचालन हुने तथा खबर आदानप्रदान कस्तो अवस्थामा गर्ने भन्नेबारे जानकारी गराउनका निमित्त सशस्त्र प्रहरी बल नेपालले प्रत्येक जिल्लाका सबै वडाहरूमा यसअघि नै १ लाख ६८ हजार ९ सय ५६ जना विपद् सूचक तयार गरेको छ ।

त्यसैगरी यसअघि नै सशस्त्र प्रहरी बल नेपालले विभिन्न स्थानीय तह तथा संघसंस्थाका प्रतिनिधि र सर्वसाधारणसहित देशभर ९ सय ९० जनालाई विपद् स्वयंसेवक तालिम प्रदान गरी विपद् उद्धार कार्यमा परिचालन हुनसक्ने सामुदायिक विपद् स्वयंसेवकहरू समेत तयार गरेको छ ।

बिशेष गरी इलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, धनकुटा, उदयपुर, सिन्धुली, महोत्तरी, रौतहट, पर्सा, मकवानपुर, चितवन, धादिङ, काभ्रेलगायत काठमाडौं उपत्यकाको तीनवटै जिल्लामा बाढी पहिरो र डुवानमा परेकाहरुको उद्धार, राहत र व्यवस्थापन कार्यमा सशस्त्र प्रहरी बल नेपालको सकृयता रहेको थियो ।



असोज १९ गते परेको अविरल वर्षाको कारण पहिरो गई अवरुद्ध सडक खुलाउँदै नं. १६ गण सिन्धुपाल्चोक र नं. ६ छिन्ताङ गुल्म धनकुटाको सुरक्षा फौज ।



मनसुन विपद् पूर्वानुमान पश्चात सजग र सतर्क रहन भनि माइकिङ गर्दै नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौं र आश्रित गुल्म धादिङको सुरक्षा फौज ।

## गर्भवती महिलाको उद्धारमा भोगिएका अनुभव



असोज १७ गते बेलुकाबाट अबिरल रुपमा परेको बर्षाको कारण १८ गते सम्म पर्सा जिल्लाका अधिकांश भु-भागहरु जलमग्न भएका थिए । बिशेष गरी उक्त बर्षाका कारण बिरगंज महानगरपालिका अन्तर्गत पर्ने सिर्सिया खोलामा बढेको पानीको बहावको कारण बिरगंज महानगरपालिकाका अधिकांश भु-भागहरुमा अन्दाजी ४/५ फिट सम्म पानीको सतह रहि जनजीवन पुर्ण रुपमा प्रभावित भएको थियो । नं. १३ गण पर्साबाट विपद् ब्यवस्थापनका लागि आवश्यक पर्ने सामाग्रीहरु सहित विपद् ब्यवस्थापन तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीको उद्धार टोली विपद्को घटना सम्बन्धी सुचना संकलन गर्दै बाढी प्रभावित क्षेत्रमा सचेतनामुलक सुचना सम्प्रेषण गर्दै उद्धार कार्यमा अहोरात्र रुपमा परिचालित भएका थियौं ।

सोही उद्धारको कार्यको क्रममा १९ गते अन्दाजी १७:३० बजेको समयमा पर्सा जिल्लाको विरगंज महानगरपालिका-११ स्थित श्रीपुरबाट एक जना नौ महिनाको गर्भवती महिला बाढीमा फसेकी छिन् र उहाँको प्रसुतिको मिति पनि आजै रहेको र सुत्केरी व्यथाको लक्षण पनि देखा परिरहेको छ भनि नं. १३ गण पर्सामा खबर प्राप्त हुनासाथ गणपति सरको आदेशानुसार सप्रनि दिपेन्द्र प्रकाश मल्ल, सप्रसनि दिपेश चौधरी, सप्रह महेन्द्र अधिकारी, सप्रसह सपना सापकोटा, सप्रसह कमल घिमिरे, सप्रसह निरज बि.क., सप्रज राजेन्द्र नेपाली लगायतका ११ जना सशस्त्र प्रहरी कर्मचारीहरु सहितको उद्धार टोली घटनास्थलको लागि परिचालन भएका थियौं तर उक्त स्थानसम्म जानको लागि बाटो साँघुरो र अन्दाजी ४/५ फिट पानी भएको कारण त्यति सहज भने थिएन । उक्त स्थान सम्म पुग्न सवारी साधन तथा बोट लैजाने अवस्था पनि थिएन । उद्धारमा खटिएका सशस्त्र प्रहरी कर्मचारीहरूले हातको साङ्गलो बनाई अन्दाजी ५ फिट गहिरो पानीमा अनुमानको भरमा बाटो पहिल्याउँदै निज गर्भवती महिलाको घर सम्म पुगियो । हामी पुगे पश्चात् महिला तथा निजको श्रीमानको अनुहारमा केही खुशी देखिएको थियो तत् पश्चात हामीसँग भएको स्टेचरको सदुपयोग गरी उहाँलाई आश्वासन दिँदै उच्च मोरालका साथ घाटी सम्मको पानीमा लगभग ३/४ कि.मि. जतिको बाटो तय गरी सवारी साधन चल्न मिल्ने ठाउँसम्म बोकेर ल्याईयो । तत् पश्चात सवारी साधन ONE TON मा स्टेचर सहित राखी सुरक्षितसाथ विरगंज महानगरपालिका-१४ गण्डकस्थित रहेको विरगंज हेल्थ केयर अस्पतालमा उपचारको लागि पुऱ्याउन सफल भयौं । उक्त अस्पतालले पनि प्रसुति कार्य पुर्ण रुपमा नि:शुल्क गर्ने भनि घोषणा गरेको थियो । उद्धार गरी पुऱ्याएकी गर्वभती महिलाले २० गते स्वस्थ छोरा जन्माएको खबर प्राप्त भएको र उक्त कार्यमा खटिएका सम्पुर्ण सशस्त्र प्रहरी कर्मचारीहरु उच्च हौसलाकासाथ उद्धार कार्यमा खटिएका थियौं । गर्भवती महिलाको सकुशल उद्धार साँच्चै नै अविस्मरणिय थियो ।

**(सप्रनि दिपेन्द्र प्रकाश मल्ल, सप्रसनि दिपेश चौधरी, सप्रह महेन्द्र अधिकारी, सप्रसह सपना सापकोटा, सप्रसह कमल घिमिरे, सप्रसह निरज बि.क., सप्रज राजेन्द्र नेपालसँगको कुराकानीमा आधारित)**

## समकक्षीसँगको समन्वयमा ईलाम पहिरो उद्धार

असोज १९ गते देखि २१ गते सम्म नेपालमा ठुलो पानी पर्ने भन्ने पूर्व जानकारी भए पश्चात प्रधान कार्यालयबाट आ-आफ्नो जिम्मेवारी ईलाकामा माईकिङ्ग गर्ने निर्देशन अनुसार १८ गते बिहान ०७:०० बजे म आफै टोली लिएर विपद् जोखिम ईलाकामा माईकिङ्ग गरियो । साँझ ७:३० बजेबाट पानी पर्न थाल्यो तब मेरो मनमा डर उत्पन्न हुन थाल्यो । १०:०० बजे सम्म मानेभञ्ज्याङ्गबजार तथा सीमा ईलाकामा ड्युटी गरी कार्यालय फर्कियौं । जब बिहान ०३:५५ बजेको समयमा मेरो मोबाइलको घण्टी बज्यो झसङ्ग बिउँझिएर हतार-हतार फोन नम्बर हेरें । फोन ई.प्र.का. मानेभञ्ज्याङ्गको सई सावको रहेछ । मुख्य सीमा स्तम्भ नम्बर ६८ को नजिकै राजु क्षेत्रीको घरमा पहिरोले मान्छे पुर्यो भन्ने खवर पश्चात म सहितको उद्धार टोली तत्काल आफुसँग भएका स्रोतसाधनसहित परिचालन भयौं ।



करीब ०४:१० बजे नेपाल प्रहरीसहितको टोली घटनास्थल पुग्यौं । घटनास्थल पुग्दा माथिबाट आएको अन्दाजी ३० मिटर पहिरोले घरको २ वटा कोठा पुरिएको रहेछ । तत्काल घरवालासँग कति जना च्यापिएको हो भन्दा राजुको आमा, जेठी छोरी र दशैंको टिका लगाउनको लागि आएका ३ जना पाहुना गरी जम्मा ५ जना पुरिएको कोठा देखाए । अवस्था अत्यन्तै भयावह थियो । त्यसपश्चात हामी उद्धारमा लाग्यौं । घटनास्थलमा रातको समय कुनै स्थानीयहरु पनि नआएकोले गर्दा हाम्रो जनशक्तिले मात्र उद्धारमा ढिलो हुने हुँदा तत्कालै भारतीय समकक्षीसँग टेलिफोनमार्फत संवाद गरी सहयोग मागें । १ हप्ता अगाडि मात्र गण लेवलको बैठकमा पनि दुबै गणका कमाण्डरहरु बीच विपद्मा सहयोग गर्ने भनि छलफल समेत भएकोले तत्कालै समकक्षी सुरक्षाकर्मी पनि सहयोगको लागि आईपुग्नु भयो । करीब ४५ मिनेटको प्रयास पश्चात दिप वस्नेतलाई तत्काल निकाली स्थानीय स्वास्थ्यकर्मीलाई चेक गराउँदा स्वास चलिरहेको छ भन्ने बित्तिकै उद्धार कार्यमा आएका भारतीय समकक्षीहरुसँग समन्वय गरी एम्बुलेन्समा घाइतेलाई राखेर अस्पताल पुराउँदा पुऱ्याउँदै बाटोमै मृत्यु भयो । खोजिगर्ने क्रममा २ जना नानिहरुको शव भेट्यौं तब मेरो मन पनि निकै भक्कानियो । अन्दाजी ५० मिनेटको अन्तरालमा राजुको आमा र दिदीको शवहरु निकाली घरभित्र छिरेको पहिरो सबै पन्छायौं । मनमा एक किसिमको काँडा पसे झैं बिजायो किन कि २०७२ सालको भुकम्पमा म गोंगबु ईलाकामा खटिएको थिए ।

त्यसबेला पनि करीव १ सय २० घण्टा पछि नुवाकोटका पेम्बा तामाङलाई सकुशल उद्धार गर्दै गर्दा सबै पिडा भुलेका थियौं तर आज सकुशल उद्धार गर्न नसक्दा मन भारी थियो । जब हामी उद्धार पश्चात बेला-बेलामा राजुको घरमा गइ सान्त्वना दिने गर्छौं तब राजुको ५ बर्षिया कान्छी छोरी र श्रीमती मीरा अर्को कोठामा रहेकाले सकुशल थिए र उनिहरु दुबै जनालाई छिमेकीको घरमा लगि राखेका थियौं । राजुको ती ५ बर्षिया सानी नानिले मलाई संगै मैले लगाएको छिर्के मिर्के लुगा अर्थात् (कम्ब्याट ड्रेश) देख्नासाथ अंगालो मारेर निर्धक्क भई वरिपरि खेल्ने घुम्ने गर्दछिन् । यसो गर्नाले मलाई लाग्छ कि हामीप्रति जनमानसमा कति धेरै भरोसा र विश्वास हुने रहेछ है । यस कुराले मलाई अझ धेरै काम र मेरो कर्म प्रति सदैव परिचालन हुँदा उर्जा मिल्ने गर्दछ । उद्धार कार्यमा समकक्षी भारतीय सशस्त्र सीमा बलको सहयोग पनि अविष्मरणीय रहेको छ ।

**(सशस्त्र प्रहरी नायव निरीक्षक सुरेन्द्र डोटेलसँगको कुराकानीमा आधारित)**

# उद्धार/विविध

## दुर्घटनामा परेकाहरूको उद्धार



असोज २७ गते मध्यराती धनकुटामा भएको ट्रक दुर्घटनामा परी २ जना गम्भीर घाइते भएका छन् । घाइतेहरुको विपद् व्यवस्थापन बेस मुलघाट र प्रहरी चौकी मुलघाटको संयुक्त टोलीले उद्धार गरी उपचारको लागि जिल्ला अस्पताल धनकुटा पठाइएको छ ।

धनकुटा जिल्लाको धनकुटा नगरपालिका-९ पाँचगोलाई भन्ने स्थानमा धनकुटाबाट मुलघाटतर्फ आउँदै गरेको प्र.३-०१-००३ क ६९०६ नम्बरको मिनि ट्रक अचानक ब्रेक फेल भई सडकबाट करीब ३ सय मिटर तल खसेको थियो ।

उक्त दुर्घटनामा ट्रक चालक उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालिका-५ बस्ने बर्ष २६ बर्षिय नारायण खड्का र सहचालक सोही जिल्लाको रानीटार बस्ने २० बर्षिय दिनेश कार्की गम्भिर घाईते भएका थिए ।



**असोज १८ गते महोत्तरी जिल्लास्थित रातु खोलाले बगाएको नेपाल टेलिकमको प्रदेश ३-०१-४५२७ नम्बरको जिप सुरक्षा बेस भंगाहाबाट खटिएको सुरक्षाफौजले जेसिबिको सहायताले करिब ५० मिटर तलबाट निकालेको छ ।**



**असोज १९ गते परेको अबिरल बर्षाको कारण आएको बाढीले आवतजावतमा कठिनाई भएपछि आवतजावतमा सहजिकरण गर्दै प्रस्तावित सीमा सुरक्षा गुल्म पातो र बीओपी स्वर्णपट्टीको सुरक्षा फौज ।**



**असोज १९ गते पर्सा जिल्लाको वीरगंज महानगरपालिका-१३ राधेमाईस्थित पानी जमेको ठाउँमा फसेका ५ जना बालबालिकाहरुलाई नं. १३ गण पर्सोले उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याएको छ ।**

## आगलागी नियन्त्रण



पाल्पा जिल्लाको तानसेन नगरपालिका-४ स्थित सिलखानटोलमा असोज ४ गते भएको आगलागी सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय वासिन्दाले नियन्त्रणमा लिएको छन् ।

सोही ठाउँ बस्ने मधुसुधन श्रेष्ठको घरमा आगलागी भएको जानकारी पाउनासाथ नं. ३५ गुल्म पाल्पाको सुरक्षा फौज आगलागी नियन्त्रणमा जुटेको थियो ।

## अलपत्र परेका चार जना पर्यटकको उद्धार



दोलखा जिल्लाको बिगु गाउँपालिका-१ स्थित लप्ची गुम्बामा ध्यान तथा भ्रमणमा गई फर्कने क्रममा बीच बाटोमा फसेका चार जना विदेशी पर्यटकको असोज २३ गते उद्धार गरिएको छ ।

उक्त गुम्बामा ध्यान तथा भ्रमणमा गएका रसियाका २ जना र स्वीजरल्याण्डका २ जना गरी ४ जना पर्यटक बाटो अवरुद्ध भएपछि सोही गाउँपालिकास्थित नासा हाइड्रोपावरमा बसेका थिए । उनीहरू असोज २१ गते गुम्बाबाट काठमाडौं फर्कने क्रममा दोलखाको लामाबगरस्थित लप्ची सडकको कच्ची बाटोमा सुख्खा पहिरो गई अलपत्र परेका हुन् ।

उनीहरूलाई असोज २३ गते बिहान करिब १० बजे बीओपी लामाबगरबाट खटिएको सुरक्षा फौज र नेपाल प्रहरीको संयुक्त टोलीले उद्धार गरी काठमाडौंतर्फ पठाएको छ ।



**असोज १७ गते महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-१० स्थित खयरमारामा यात्रुवाहक बस दुर्घटनामा परी घाईते भएका यात्रुहरुलाई उद्धार गर्दै नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नं.३९ रिजर्भ गण, सुरक्षा बेस रामनगर, हाईवे सुरक्षा पोष्ट लक्ष्मिनिया गौरीडाडा र नेपाल प्रहरीको संयुक्त टोली ।**



**असोज १० गते धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका-४ स्थित राजदेवी मन्दिर परिसरमा विजया दशमीको अवसरमा सञ्चालन भएको मेलामा लगाइएको ठूलो रोटेपिङ घुम्ने क्रममा एक्कासि कोल्टिन गई १२ वटा बकेटमा अड्किएका ५६ जना व्यक्तिहरूको नेपाली सेना, नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नं. ८ गण धनुषा र नेपाल प्रहरीको संयुक्त टोलीले सकुशल उद्धार गरेको छ ।**

## सकुशल उद्धार




रौतहट जिल्लाको गढिमाई नगरपालिका-५ स्थित बागमतिको नदिले बगाएको पुरुषको असोज १९ गते सकुशल उद्धार गरिएको छ । सो नदिको किनारामा दाउरा निकाल्ने क्रममा नदिले बगाएको सोही ठाउँ बस्ने ६५ बर्षिय बिगन राय यादवलाई सुरक्षा बेस सन्तपुरले सकुशल उद्धार गरेको हो ।

## दुर्घटनामा परेका व्यक्तिको उद्धार



बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका-२ स्थित बैजापुरमा असोज १६ गते दुर्घटनामा परेका व्यक्तिको उद्धार गरिएको छ । बैजापुरबाट नेपालगंजतर्फ आउँदै गरेको भे ११ प ३३७० नम्बरको मोटरसाईकल गति अनियन्त्रित भई दुर्घटना हुँदा सोही ठाउँ बस्ने १८ बर्षिय साजन के.सी. घाईते भएका थिए । उनलाई सुरक्षा बेस कुण्डा बाँकेले उद्धार गरी उपचार को लागि नेपालगंजतर्फ पठाएको छ ।

# स्थापना दिवस

## राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान काठमाडौं



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थ काठमाडौंको १८औं स्थापना दिवस सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहालको प्रमुख आतिथ्यमा असोज ३० गते सम्पन्न भएको छ ।

उहाँले दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा प्रशिक्षण प्रतिष्ठानको भूमिका महत्वपूर्ण रहेको बताउनुहुदै आधारभूत तथा उन्नत तालिमहरु संचालन गरी अधिकृत तथा जवानहरुलाई सक्षम र सबल बनाउँनुका साथै दक्ष प्रशिक्षकहरुको उत्पादनमा समेत योगदान पुऱ्याउँदै आइरहेको बताउनुभयो ।

कार्यक्रममा प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी नायब महानिरीक्षक लक्ष्मणबहादुर सिंह, सशस्त्र प्रहरी वरिष्ठ अधिकृतहरु, अधिकृतहरु, सशस्त्र प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

## नं. ३ गुल्म म्याग्लुङ तेह्रथुम



नं. ३ गुल्म म्याग्लुङ तेह्रथुमको १७औं स्थापना दिवस तेह्रथुमका प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीको प्रमुख आतिथ्यमा विविध कार्यक्रमकासाथ असोज ६ गते सम्पन्न भएको छ । कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु तथा गुल्ममा कार्यरत सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

## आश्रित गुल्म ओखलढुङ्गा



आश्रित गुल्म ओखलढुङ्गाको १६औं स्थापना दिवस जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीको प्रमुख आतिथ्यमा असोज ७ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

## असोज महिनाको बरामदी विवरण (२९ गतेसम्म)

### बाहिनी मुख्यालय, गण, गुल्म तथा सुरक्षा बेस र बीओपीहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीको विवरण

| सि.नं. | जिल्ला | रकम रु. | सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|---|---|---|
| १ | इलाम | २७४००० | १३ | मकवानपुर | ९७४५०० |
| २ | झापा | ६६०४०४१ | १४ | सिन्धुपाल्चोक | २८९६३० |
| ३ | मोरङ | २६८७६०५ | १५ | रसुवा | ३८५०० |
| ४ | सुनसरी | २८६५५०० | १६ | प.नवलपरासी | ४७९३६२५ |
| ५ | सप्तरी | २४३६६४० | १७ | रुपन्देही | ९४५०३६१ |
| ६ | सिराहा | ७२३२१८८ | १८ | कपिलबस्तु | ३८९२५४० |
| ७ | धनुषा | ४१०९६१० | १९ | दाङ | १३५००० |
| ८ | महोत्तरी | ३६२०२०९ | २० | बाँके | १२८२५३७० |
| ९ | सर्लाही | ३०९२३८१ | २१ | बर्दिया | २५४०४७२ |
| १० | रौतहट | ८३९५७९५ | २२ | कैलाली | १०५७१६१९ |
| ११ | बारा | १०६०६८४३ | २३ | कन्चनपुर | ९६४६२११ |
| १२ | पर्सा | ६५६४७०९१ | | जम्मा | १७२७२९७३१ |

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्रका लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।

## दन्तकाली बिशेष कार्य तालिम शिक्षालय सप्तरी

दन्तकाली बिशेष कार्य तालिम शिक्षालयको २३औं स्थापना दिवस नं. १ बराह बाहिनी मुख्यालय, पकली सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेको प्रमुख आतिथ्यमा असोज १० गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

नायब महानिरीक्षक न्यौपानेले स्थापना दिवसको अवसरमा संचालन गरिएको विभिन्न खेलविद्याहरुमा प्रथम हुने तथा शिक्षालयमा कार्यरत उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई सोही अवसरमा पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।



## नं. ४६ गुल्म डोल्पा

असोज १९ गते नं.४६ गुल्म डोल्पाको सातौं स्थापना दिवस नं ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक विनोदराज श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

सोही अवसरमा निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक श्रेष्ठले स्थापना दिवसको अवसरमा सञ्चालन गरिएका विभिन्न प्रतियोगिताका विजयी खेलाडी तथा टिम र वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।



## आश्रित गुल्म दैलेख



आश्रित गुल्म दैलेखको आठौं स्थापना दिवस असोज ७ गते नं ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतका नमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक विनोदराज श्रेष्ठको प्रमुख आतिथ्यतामा विभिन्न कार्यक्रमका साथ सम्पन्न भएको छ ।

सोही अवसरमा असोज ८ गते आश्रित गुल्म दैलेखका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक मीनराज भट्टले वीरगति प्राप्त सशस्त्र प्रहरी सहायक हवलदार स्व. हीरासिंह बडुवालको घरमा गई उनका बुवा कमलप्रसाद बडुवालसँग भेटघाटसमेत गर्नुभएको छ ।

## आश्रित गुल्म सल्यान

आश्रित गुल्म सल्यानको आठौं स्थापना दिवस नं. ३२ रक्तकाली गण सुर्खेतका गणपति सशस्त्र प्रहरी उपरीक्षक दमन कुमार पाण्डेको प्रमुख आतिथ्यमा असोज १९ गते सम्पन्न भएको छ ।



## आश्रित गुल्म रोल्पा

आश्रित गुल्म रोल्पाको आठौं स्थापना दिवस नं. ५ बिन्ध्याबासिनी बाहिनी मुख्यालय रुपन्देहीका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक ध्रुवबहादुर कार्कीको प्रमुख आतिथ्यमा असोज २६ गते सम्पन्न भएको छ । कार्यक्रममा जिल्ला समन्वय समिती रोल्पाका प्रमुख सिता आचार्य, रोल्पा नगरपालिकाका नगरप्रमुख सुरेन्द्र थापा घर्ती, रोल्पाका निमित्त प्रमुख जिल्ला अधिकारी पदमबहादुर डाँगी लगायत गुल्ममा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो ।



# स.प्र.बल, नेपाल इकाई परिचय

## नं. ११ गण रौतहट

नेपाल सरकार मन्त्रिपरिषद्को २०६३ साल फागुन ८ गतेको निर्णयले २०६४ साल वैशाख १४ गते रौतहट जिल्लाको गौर नगरपालिका-५ स्थित जिल्ला कृषि कार्यालय रहेको स्थानमा सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय रौतहटको स्थापना गरी कार्य संचालन गरेकोमा २०६७ साल जेठ ३० गतेबाट राजदेवी नगरपालिका-२ स्थित आफ्नै कार्यालयको नाममा रहेको जग्गामा कार्यालय भवन निर्माण गरी कार्य संचालन गर्दै आईरहेको छ।

साँगठनिक पुर्नसंरचना पश्चात स्तरोन्नति भई २०७५ साल साउन १३ गतेबाट सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण हे.क्वा. रौतहटको स्थापना भई कार्य संचालन गर्दै आईरहेको छ। गणको जिम्मेवारी क्षेत्र दक्षिणमा नेपाल-भारत सीमा, उत्तरमा मकवानपुर, पूर्वमा सर्लाही, पश्चिममा बारा जिल्ला भित्रको केही ईलाका पर्दछ भने गण मातहत १ प्रस्तावित सीमा सुरक्षा गुल्म, ४ बीओपी, ८ सुरक्षा वेस र १ वटा एफओबीको तैनाथी रहेको छ।

सीमा सुरक्षा, आन्तरीक सुरक्षा, राजश्व चुहावट नियन्त्रण, विपद् व्यवस्थापन, सीमा अपराध नियन्त्रण लगायतको अप्रेशनल काम कारवाहीहरु गर्दै आईरहेको छ। सो बाहेक आवधिक निर्वाचन, स्थानीय सुरक्षा निकायसँग आपसी समन्वय, सीमावासीसँग सहकार्य लगायतका महत्वपूर्ण कार्यहरु समेत गर्दै आईरहेको छ।






सप्रउ रामहरि अधिकारी
गणपति

### हालसम्मका गणपतिहरू

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | सप्रउ | कृष्ण ढकाल | २०७५।०२।२३ | २०७६।०४।१९ |
| | सप्रउ | रबिनराज कर्णजीत | २०७६।०४।१९ | २०७७।०४।१६ |
| | सप्रउ | सूर्य बहादुर सेन ओली | २०७७।०४।१६ | २०७८।१०।०३ |
| | सप्रउ | धुब्र बहादुर कार्की | २०७८।१०।०३ | २०७९।१०।१६ |
| | सप्रउ | माधव रेग्मी | २०७९।१०।१६ | २०८०।११।०७ |
| | सप्रउ | विक्रम हुमागाई | २०८०।११।०७ | २०८१।१०।३० |
| | सप्रउ | सन्तोष कुमार बस्नेत | २०८१।१०।३० | २०८२।०५।१६ |
| | सप्रउ | रामहरि अधिकारी | २०८२।०५।१६ | हाल सम्म |









## सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम



पर्सा जिल्लाको पकाहामैनापुर गाउँपालिका-४ लहावरथकरीस्थित श्री ने.रा.प्रा.वि.ब्रम्हस्थानको प्रांगणमा असोज १२ गते उक्त स्थानमा बसोबास गर्ने विपन्न वर्गका मुसहर तथा डोम परिवारका करिब ९० जना बालबालिकालाई लत्ताकपडा वितरण गरिएको छ। सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रमअन्तर्गत नं १३ गण पर्साका गणपति सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले लत्ताकपडा वितरण गर्नुभएको हो।



**नेपालीहरुको महान चाड बडादशैं, तिहार तथा छठ पर्वको अवसरमा हुनसक्ने घटनाहरुको मध्यनजर गरी गाउँबस्ती तथा सीमा ईलाकामा गस्ती गर्दै नं. १३ गण पर्साको सुरक्षा फौज।**

## सामान वितरण



नेपालीहरूको महान् चाड बडादशैंको शुभ अवसर पारी नं. ५१ गुल्म बैतडीले जिल्लाको दशरथचन्द नगरपालिका-४ शाहिलेकस्थित वीरेन्द्र माध्यमिक विद्यालयको छात्रावास (अनाथालय) मा रहेका २० जना छात्राहरूलाई असोज १५ गते ट्याकसुट, स्कुल ड्रेस, जुत्ता, छाता र ब्याग वितरण गरेको छ।



**असोज २ गते रुपन्देही जिल्लाको तिलोत्तामा नगरपालिका ७ गंगोलिया स्थित दुर्गा मन्दिर परिसरमा सरसफाई गर्दै सुरक्षा बेस गंगोलिया रुपन्देहीको सुरक्षा फौज।**

## सहायता कक्ष स्थापना




सुरक्षित र समन्वयको लागि पर्यटक सहायता कक्ष र नागरिक सहायता कक्ष स्थापना गरेको छ। यसैगरी बीओपी झुलाघाट, पञ्चेश्वर र कुस्मौतघाट बैतडीले सीमा इलाकामा आवतजावत गर्ने नागरिकहरूको सहजताका लागि सहायता कक्ष स्थापना गरेको छ।



**आश्रित गुल्म रुकुम पूर्वले जिल्लाको सिस्ने गाउँपालिका-५ कमलताल परिसरमा डेङ्गि रोग नियन्त्रणको लागि सरसफाइ गर्दै।**



**प्रस्तावित सीमा सुरक्षा गुल्म मार्डर सिरहा र भारतीय सशस्त्र सीमा बल (SSB) को सिरहा नगरपालिका-१५ सुखचैना र भारततर्फ जिल्ला मधुवनी, पुर्वी ग्रामपञ्चायत बेली-६ अरहासम्म संयुक्त गस्ती।**

### हार्दिक श्रद्धाञ्जलि



जन्म
२०४५।०८।१०

स्वर्गारोहण
२०८२।०६।२०

**सशस्त्र प्रहरी सहायक हवल्दार स्व. बिश्वास माझी**

नं. २८ गण कपिलबस्तु दरबन्दी भई सुरक्षा बेस पटना कपिलवस्तुमा कार्यरत सशस्त्र प्रहरी सहायक हवल्दार बिश्वास माझीको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

**सशस्त्र प्रहरी बल, नेपाल**

## लेख/रचना

### विपद् उद्धारमा खटिने सशस्त्र प्रहरी म



सशस्त्र प्रहरी वरिष्ठ हवल्दार
**दोर्णबहादुर कुँवर**

प्रकृति र विपद्सँग लड्न मन लाग्छ
देश र जनताको जिउ ज्यान बचाउन खट्न मन लाग्छ
आँधीहुरी, पहिरो र नदीमा फसेकाहरूको उद्धारमा खट्न मन लाग्छ
सशस्त्र प्रहरीको बर्दी मेरो
सशस्त्र प्रहरी म उद्धार कार्यमा खट्न मन लाग्छ ॥

अहोरात्र डिउटी मेरो प्रकृतिको प्रकोपमा खट्न मन लाग्छ
तराइको डुबान, हिमालको हिमपहिरोमा फसेकाहरूलाई बचाउन उठ्न मन लाग्छ
कुवामा फसेका र आगलागीको धुवाँमा रन्थनिएकाहरूलाई बचाउन मन लाग्छ
भूकम्पमा परी पुरिएकाहरूकलाई बचाउन म आफैलाई बिर्सिएर बचाउन रहर लाग्छ ॥

बाटोमा अलपत्र परेकाहरूलाई खोजी खोजी गन्तव्यमा डोर्‍याउन रहर लाग्छ
भोका र नाङ्गा बेसहाराहरूको घाउहरूमा मलम लगाउन झनै रहर लाग्छ
निद्रा, भोक र प्यासहरूको भोजन गर्न डर लाग्छ
लगाएको बर्दी, बगाएको पसिना, खाएको कसम बचाउन रहर लाग्छ ॥

वीर गोरखाली म वीर पुर्खा अन्याय अत्याचारको लडाइमा खाए कुनैले फाँसी, जोखिम मोल्न जन्मिएको सशस्त्र प्रहरी म लगाएको बर्दी मेरो, मर्छु बरु हाँसी हाँसी ॥

### सशस्त्र प्रहरी राष्ट्रको रक्षक



सशस्त्र प्रहरी जवान
**सन्तोष परियार**

सीमामा उभिएका, छाती तन्काएर
घामपानी सहन्छौं राष्ट्र बचाएर
संकटमा दौडन्छौं, जब जनता रुँदा
रक्षा हो धर्म, सेवा हो हाम्रो काम
साहस र संकल्प-यही छ हाम्रो नाम ।

साहसका सैनिक, विपत्तिका साथी
दुःखमा छाँयाजस्तै शान्तिका पाती
जनताको भरोसा देशको शान
सशस्त्र प्रहरी नेपालको पहिचान

विदेश मिसनमा झन्डा बोकेर
शान्तिको गीत संसारमा लेखेर
संघर्षमा चम्किन्छ वीरको गाथा
फौजी पोसाकमा देशको आशा
कर्तव्य हाम्रो सदा निष्ठावान्

माटोको रक्षा-जीवन बलिदान
कानुन पालना अपराधको अन्त
न्यायको यात्रामा छड्के हरेक पथ
संविधानभित्रै बल र करुणा
सशस्त्र प्रहरी जनताको भरोसा

निष्ठा, अनुशासन, सेवा र बल
सशस्त्र प्रहरी राष्ट्रको रक्षक
सशस्त्र प्रहरी शान्तिका सेनानी
वीरता, बफादारी नेपालको कहानी

### Free Bird



Bibekananda Kushuwaha
**Class:-10**
**Nepal APF School Kirtipur**

I am a dream bird, let me try
I have some hills, yet to climb
I have the world yet to thrive

I have a vision and beautiful sight

I love sunshine I love the rain

I have to go through all the dry
I have my own day and night
I've got courage to choose the night

I failed for several which have no price
I have my dream waiting to rise

I have to get what I eagerly try.

Give me my weapon, give me my life.
I have to rise and build the hive
Life is a garden, it's a beautiful ride
To live a life you must swim the tide.

### मुक्तक



सशस्त्र प्रहरी जवान
**गणेशबहादुर सिंजापति**

न आँसु देखाउने छुट छ न त पीडा सुनाउने अधिकार
कसैको लागि यो जागिर मेरा लागि यो उपहार

म मातृभूमिको छायाँ हुँ भन्ने सावधानीको पर्खाल
जीवन गए पनि हाँस्दै भन्छु म सशस्त्र प्रहरी बल, नेपाल ।

### सशस्त्र प्रहरीको सेवा



सशस्त्र प्रहरी जवान
**टेकराज जैशी**

बाढी पहिरोले देश रुवायो
जनजीवन डरले भरियो
त्यही बेला नसोची थकाइ
सशस्त्र प्रहरी अघि बढ्यो हात फैलाई ।

कसैको घर, कसैको सपना बग्यो
तर उनीहरूले साहसले बाटो थामे
जीवन बचाउन दौडिँदै छन्
देशका सच्चा वीर कहलिँदै छन् ।

बाढी जाओस्, पहिरो थामियोस्,
सबैको जीवन सुरक्षित रहोस्
त्यो नै त सशस्त्र प्रहरीको चाहना हो
देश र जनताको लागि समर्पण हो ।

## समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पक्राउ, बरामद, उद्धार तथा
अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा
**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४१००६

## जनचेतनामुलक कार्यक्रम




नेपाल एपीएफ अस्पताल बलम्बु काठमाडौं परिसरमा असोज १२ गते 'Dont Miss a Beat' मुटुको धड्कन जौगाऔं सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिएको छ ।

विश्व मुटु दिवसको अवसरमा नेपाल एपीएफ अस्पताल बलम्बुले आयोजना गरिएको जनचेतनामुलक कार्यक्रममा अस्पतालमा कार्यरत सशस्त्र प्रहरी अधिकृत लगायत अन्य सशस्त्र प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो । उक्त कार्यक्रममा मुटु तथा मुटु रोग सम्बन्धी प्रस्तुतिकरण कार्यक्रमहरु समेत संचालन गरिएको थियो ।



**ताप्लेजुङ जिल्लाको सिरिजंघा गाउँपालिका-१ सिनामस्थित सिनाम नमुना माध्यमिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरुलाई लागूऔषध विरुद्ध सचेतनामुलक कक्षा संचालन गर्दै सुरक्षा बेस सिनाम ।**



**खोटाङ जिल्लाको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-५ स्थित श्री माध्यमिक विद्यालय मझुवा बाँस्वोटेमा अध्ययनरत विद्यार्थीहरुलाई विपद् व्यवस्थापन तथा सडक दुर्घटना सम्बन्धी सचेतनामुलक कक्षा संचालन गर्दै नं.७ हलेसी गुल्म खोटाङ ।**



**डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका-७ पोखरा बजारमा जिल्ला प्रशासन कार्यालय र नं. ५२ गुल्म डडेल्धुराको संयुक्त आयोजनामा ग्यास सिलिण्डरबाट हुने आगलागी सम्बन्धी जनचेतनामूलक सिमुलेशन संचालन ।**




**असोज १८ र १९ गते पोखरामा सम्पन्न भएको The 16 Showdown मुवा थाई प्रतियोगितामा नेपाल एपीएफ क्लबकी फुलकन्ट्रयाक कराते खेलाडी रिना माझीले रजत पदकसहित नगद पुरस्कार र खेल सामाग्री प्राप्त गरेकी छिन् ।**

■ **प्रकाशक: सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समिति:** सप्रउ आनन्द थापा मगर (संयोजक), सदस्यहरु: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ, सप्रनि दिपेन्द्र खरेल
**कम्प्यूटर लेआउट:** सप्रह मनोज कुँवर, **कम्प्यूटर अपरेटर:** सप्रह रामशरण न्यौपाने, सप्रज सीताराम अधिकारी **तस्वीर:** छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई